**निर्णय नं. १:**

सुर्खेत जिल्लामा मिती २०७२ श्रावण २५ भएको सुर्खेत जिल्ला संघीय राजधानीको केन्द्र हुने गरि संघीय सिमा विभाजनको माग सम्बन्धि वीरेन्द्रनगरमा भएको आन्दोलनका क्रममा यस वीरेन्द्रनगर नगरपालिका वडा नं.३ बस्ने टिकाराम गौतम, गोपाल सिं रजवार र वडा नं.७ बस्ने याम बहादुरवि.सी.ले आफ्नो ज्यान गुमाएकाले सुर्खेत जिल्लाकालागि आफ्नो प्राण आहुति दिने यी महान शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्ने साथै सुर्खेतलाई संघीय राजधानी बनाउने शहिदहरुको सपनालाई पूर्णता दिन र निजहरुलाई यथाशिघ्र शहिद घोषणा गर्न नेपाल सरकार समक्ष माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. २:**

नेपालको इतिहासमा पहिलो पटक मिती २०७४ वैशाख ३१ गते सम्पन्न स्थानीय तहको निर्वाचनमा आफनो अमुल्य मत दिई यस नगरपालीकाका प्रमुख,उपप्रमुख,वडा अध्यक्ष र वडा सदस्यलाई विजयी गराई वीरेन्द्रनगरको नगरकार्यपालीका र व्यवस्थापीकामा पठाउन हुने सम्पुर्ण नगरबासीहरु  र निर्वाचन लाई समयमै सम्पन्न गर्न सहयोग गर्ने निर्वाचन आयोग,राजनितीक दलहरु,सम्पूर्ण राष्टसेवक कर्मचारीहरु प्रति हार्दिक आभार व्यत्त गर्दै धन्यवाद दिने निर्णय गरियो ।

**निर्णय नं. ३:**

यस नगरपालीकाको नवनिर्वाचित पदाधिकारीहरुले पहिलो सय दिनमा निम्मानुसार कार्य गर्ने गरि कार्ययोजना पारित गर्ने निर्णय गरियो ।

साथ तपाइको, नेतृत्व हाम्रो

हामी वनाउछौं वीरेन्द्रनगरलाई राम्रो ।

वीरेन्द्रनगर नगर कार्यपालिकाको १०० दिने विशेष कार्यक्रम

| क्र.सं. | कार्यक्रम | कार्यक्रम संचालन विधि |
|---|---|---|
| १ | नगरका १६ वटै वडामा वडा कार्यालय स्थापना र सेवाप्रवाह | वडा कार्यालय भवन भएका वडामा वडा कार्यालय भवनवाट र नभएका वडामा सरकारी वा सामुदायिक भवन वा भाडाका कोठावाट वडा कार्यालयको सेवाप्रवाह |
| २ | एक वार्ड  एक वाई फाई  फ्रिजोन | इन्टरनेट सुविधा भएका प्रत्येक वडाका १।१ वटा खुल्ला स्थान एवं पार्कमा वाई फाई फ्रिजोन निर्माण, वडा कार्यालयको सेवामा समेत विधुतिय शुसासन कायम हुनेगरी । |
| ३ | छोरी जन्म वचत कार्यक्रम | अव जन्मीने छोरीको घट्नादर्ता प्रमाण पत्रका आधारमा रु.१०००। को छोरी जन्म वचत खाता स्थानिय बैक खाता खोलिदिने । |
| ४ | सुरक्षित आमा कार्यक्रम | म.प. क्षेत्रिय अस्पतालमा डाक्टरको सिफारिश मा गरिने गर्भवतिको १ पटकको भिडियो एक सरे फ्रि सेवादिने । जोखिम यूक्त आमाहरुको उपचारमा सहयोग । |
| ५ | मासिक बा आमा का कुरा चौतारी कार्यक्रम | प्रत्येक महिना प्रमुख र उपप्रमुख ले  सम्वन्धित वडाका अध्यक्षको उपस्थितिमा भिन्नाभिन्नै वडाका जेष्ठ नागरिका कुरा सुन्ने र जेष्ठ नागरिकका पिर मर्का समाधानमा सहजीकरण गर्ने । |
| ६ | एक घर दुई विरुवा | नगर भित्रका सवै घर धुरीमा कम्तीमा २ विरुवा लगाउन लगाई संरक्षणको जिम्मेवारी सम्वन्धित घर धुरीलाई दिइने, विरुवा लगाउने ठाउ नभएको घरमा गमलामा वहुवर्सिय विरुवा लगाउन अनिवार्य गरिने । |
| ७ | वडा नं.६ वजार क्षेत्रका सवै कालो पत्रे | घर अगाडीका विरुवा संरक्षणको जिम्मेवारी घर धनि वा |

| | | |
|---|---|---|
| | सडकमा वृक्षा रोपण | व्यवसायीलाई दिइने । |
| ८ | दलित र विपन्न महिलाका लागि आयआर्जन कार्यक्रम | एकत्रित भै १ कठ्ठा भन्दा कम जमिनमा वसोवास गर्दै आएकाविपन्नलाई सामुहिक निर्णयका आधारमा एकै प्रकृतिका फलफुल विरुवा उपलब्ध गराई स्वयंले संरक्षण गर्ने वातावरण मिलाउने ।<br>प्रत्येक वडाका कम्तीमा १।१ जना दलित तथा विपन्न महिलालाई लेखापढि तालिम दिई विभिन्न सरकारी कार्यालय र वडा कार्यालयहरुमा सेवादिने व्यवस्था मिलाउने । |
| ९ | वीरेन्द्रनगर भित्रको एक स्थानलाई पर्यावरणीय बालपार्कका रुपमा विकास गर्न सो को गुरुयोजना निर्माण गर्ने । | वीरेन्द्रनगर भित्रको एक स्थानलाई पर्यावरणीय बालपार्कका रुपमा विकास गर्न सो को गुरुयोजना निर्माण गर्ने । |
| १० | नगर विकासको ५ वर्षे परिकल्पना सहितको त्रिवर्षिय नगर योजना निर्माण | वीरेन्द्रनगर नगरपालिकाको ५ वर्षे परिकल्पना सहित त्रिवर्षिय नगर विकास योजना निर्माण गरि नगर सभावाट पारित गर्ने । |
| ११ | उपत्यका भित्रका सवै वडा भित्र संकलित फोहर नगरपालिकाले उठाउने प्रवन्धगर्ने | नगर का उपत्यकाभित्रका सवै वडाहरुमा मासिक सर सफाई अभियान र फोहर संकलनका आधारमा नियमित फोहर व्यवस्थापन गर्ने व्यवस्था मिलाउने । |
| १२ | प्लाष्टिक नियन्त्रीत वडा घोषणा गर्ने | कम्तीमा एक वडालाई प्लाष्टिक नियन्त्रीत वडा घोषणा गर्न |
| १३ | हिंसा पिडित महिलाका लागि हेल्प डेष्क | नगरकार्यपालिकामा कार्यालयमा हिंसा पिडित महिलाका लागि हेल्प डेष्क स्थापना गरि समस्या समाधानमा सहजीकरण गर्ने । सूरक्षित भवननिर्माणका लागि आधार तयार पार्ने । |
| १४ | संचारकर्मि सहयोग कोष स्थापना | रु १ लाख १ हजार १ सय ११ रकम राखीकोष स्थापना सुरु गरि नगर सभा वैठकवाट कोष वृद्धिको कार्यक्रम गर्ने । |
| १५ | अपांग प्रतिभा प्रस्फुटन कार्यक्रम | वीरेन्द्रनगर भित्रका अपांग वालवालिकाहरुको प्रतिभा प्रस्फुटनको कार्यक्रम गराई प्रतिभाको पहिचान गरि कार्यक्रम संचालनका लाीग आगामी नगर सभामा पेश गर्ने । |

**निर्णय न ४**

यस नगरपालीका सँग साविकको विरेन्दनगरको मात्र गुरुयोजना भएकाले पछिल्लो समयमा यस नगरपालीकामा समावेश भएका साविकका लाटिकोइली,उत्तरगंगा,जर्वुटा,गढि,रतु र गर्पन समेतलाई समेटि पछिल्लो बदलिदो परिस्थिती लाई आधार मानी व्यवस्थित शहरी विकास गुरु योजना निर्माण गर्ने र योजना निर्माण कार्यमा सहयोग गरिदिन नेपाल सरकार लगायत सरोकारवाला दातृ निकायलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय न. ५**

स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ बमोजिम तत्कालीन स्थानीय निकायबाट चालु आ.व मा संचालीत योजना तथा कार्यक्रमहरु नगरपालीकाबाट हुने प्रावधान रहेकोमा साविक नपाका वडाहरु पनि समावेश भै नयाँ वडा निर्माण साथै अधिंकाश आयोजनाहरु यसै चौमासिकमा सम्पन्न हुने चरणमा रहेकाले ति सबै आयोजनको जाँचपास नगरपालीका मार्फत गराउँदा सेवा ग्राहिहरुलाई ढिलाई हुने देखिएकाले चालु आ.व का लागी स्विकृत वडा स्तरिय आयोजना तथा कार्यक्रम हरु जाँचपास वडा समितीले गर्ने र सो निर्णय अनुसार नगरकार्यपालीकाको कार्यपालीकाले फरफारक गर्ने । नगरस्तरिय आयोजनाका सम्बन्धमा निम्नानुसार जाँचपास फरफारक समिती गठन गरि सोहि समितीबाट जाँचपास फरफारक गराउने निर्णय गरियो ।

संयोजक श्री मोहन माया भण्डारी (ढकाल),उपप्रमुख

सदस्य श्री लोकप्रसाद चालीसे,वडा अध्यक्ष वडा न १२

सदस्य श्री मोती प्रसाद कडेंल, वडा अध्यक्ष वडा न ६

सदस्य श्री टोप बहादुर दर्लामी, वडा अध्यक्ष वडा न १४

प्राविधिक सदस्य सचिव  श्री विशाल अधिकारी,इन्जिनीयर

**निर्णय न.६**

यस नगरपालीकाका कार्यकारी अधिकृतले प्रमुखका रुपमा रहँदाको कार्यकालमा सम्पन्न पुर्व नगरपरिषद बाट स्विकृत चालु आ.व.०७३।०७४ मा संचालीत निम्न तपसिलका आयोजनाहरुलाई प्राविधिक प्रतिवेदनका आधारमा जाँचपास गर्ने निर्णय गरियो ।

| क.स | आयोजनाको नाम | शिर्षक | ल.ई रकम | मुल्यांकन रकम |
|---|---|---|---|---|
| १ | सडक ग्राभेल, साविक १५ | वडागत | १,९५,०४९।१४ | १,९५,०४९।१४ |
| २ | बाटो स्तरवृद्धि साविक २२ | वडागत | १,५७,४१९।५७ | १,६४,७३८।६९ |
| ३ | भजन कृतन भवन साविक ०४ | अन्य लक्षित | १,५१,९२२।१८ | १,५१,९२२।१८ |
| ४ | बाटो ग्राभेल,साविक २० | वडागत | ६,३०,५६९।८४ | ६,४४,८९०।७१ |
| ५ | बाटो निर्माण साविक २३ | वडागत | १,४०,५०५।५६ | १,४०,५०५।५६ |
| ६ | सतह ढल निर्माण साविक १२ | वडागत | ३,९०,९६२।७५ | ३,९३,००७।३७ |
| ७ | सतह ढल निर्माण साविक १५ | वडागत | २,०५,८४१।५२ | २,११,७१८।३९ |
| ८ | सडक रेखाकंन कार्य साविक ११ | वडागत | २,६०,८५५।२६ | २,६०,८५५।२६ |
| ९ | वडामैत्रि भवन निर्माण साविक १० | वडागत | १६,५४,४८८।३१ | १६,५३,७१६।४२ |
| १० | छप्रेली टोल सिचाइ कुलो साविक २३ | वडागत | ७१,१८८।७६ | ६९,५००।३० |
| ११ | बाटो ग्राभेल,साविक १५ | वडागत | १,८७,२९७।१४ | १,८६,४८९।७२ |
| १२ | राधाकृष्ण मन्दिर शौचालय साविक १० | प्रर्वद्धनात्मक | २,११,१०१।११ | २,११,१०१।११ |
| १३ | ग्राभेल नाला निर्माण साविक २० | निशर्त अनुदान नगरस्तरिय | ६,३१,४६८।७४ | ७,२३,२००।७६ |
| १४ | ग्राभेल नाला निर्माण साविक १८ | निशर्त अनुदान नगरस्तरिय | ६,३२,०२२।३८ | ६,३०,३६९।२८ |
| १५ | सडक स्तरवृद्धि साविक १ | वडागत | २,३२,०२२।७७ | २,४८,१७६।५० |
| १६ | सडक ग्राभेल, साविक १८ | वडागत | ८५,३०५।८१ | ८५,३०५।८१ |
| १७ | सतह ढल साविक १८ | वडागत | १,७२,७१६।२६ | १,७२,७१६।२६ |
| १८ | मोटर बाटो साविक २३ | वडागत | १,२५,६९६।३७ | १,२५,६९६।३७ |
| १९ | नाला निर्माण साविक २ | वडागत | १,११,७९३।११ | १,११,७९३।११ |
| २० | भवन निर्माण साविक २३ | महिला लक्षित | १,०३,७९७।७३ | १,०३,७९७।७३ |
| २१ | सतह ढल साविक ४ | वडागत | ४,२३,९१७।४५ | ४,२९,२०८।६० |
| २२ | सतह ढल साविक २० | वडागत | २५,९८,६३४।६९ | २५,९८,६३४।६९ |

**निर्णय न. ७**

यस नगरपालीकाका नवनिर्वाचित पदाधिकारीका लागी सवारी साधन अभाव भएकाले यस नगरपालीकाको माग बमोजिम जिल्ला समन्वय समिती सुर्खेतबाट भे १ भ १७५ न को टोयटा ल्याण्डकुजर जिप मर्मत गरि संचालन गर्न जिप र सो को डाईभर समेत हस्तान्तरण भै आएको सर्न्दभमा उल्लेखित जिप पुरानो मर्मत गर्नुपर्ने प्रकृतिको भएकाले सो को लागी कार्यालयले मर्मत कर्ताहरु सँग कोटेशन माग गर्दा करिब ६ लाख बराबरको मर्मत गर्नुपर्ने अवस्था आएको ,तत्काल नगरपालीका सग सवारी साधन खरिद गर्ने स्रोत समेत नभएकाले प्रस्तावित लागत समेतको परिधि भित्र रहि सवारी साधन मर्मत गरि संचालन गर्ने र सवारी साधन संचालन गर्न  जिल्ला समन्वय समिती सुर्खेतबाट आएका डाईभर हरि पौडेल लाई समेत  जिल्ला समन्वय समिती सुर्खेतमा रहँदा खाइपाइ आए सरह न्युनतम तलबभत्ता दिई अन्य करार कर्मचारी सरहको अवधि सम्म काम काममा लगाउने निर्णय गरियो ।

**निर्णय न ८**

यस नगरपालीकाका १६ वटै वडामा तत्काल वडा कार्यालय स्थापना गर्नका लागी निम्मानुसार मापदण्डहरु तोक्ने र नेपाल सरकारबाट स्थानीय तहलाई उपलब्ध गराउने जनशत्ति र स्रोत एकिन भै आएमा सोहि बमोजिम गर्ने निर्णय गरियो ।

१.साविकका गा.वि.स तथा वडा कार्यालय भवन लाई अनिर्वाय प्रयोग गर्ने एउटै वडामा १ भन्दा बढि वडा कार्यालय भएमा वडा समितीको निर्णयानुसार को स्थानमा वडा कार्यालयको मर्मत सम्भार तथा फर्निचर निम्नानुसार गर्ने गराउने ।

**निम्न**

क. रगंरोगन गर्नु पर्नेमा वडाको प्राविधिक वा नपाको प्राविधिक बाट स्टेटमेन्ट गराई नगरप्रमुख बाट स्वीकृत भए बमोजिम गर्ने ।

ख. वडा अध्यक्ष र कर्मचारी बस्ने कुर्चि टेबल नभएमा नगर कार्यपालीका कार्यालयबाट उपलब्ध गराउने वडा सदस्य र सेवा ग्राहिका लागी थप कुर्चि बेन्च १०  उपलब्ध गराउने ।

ग. प्रत्येक वडा कार्यालयमा कम्तीमा १ जना वडा सचिव सहायक स्तर पांचौ । चौथो वा सो सरहको प्रशासनिक कर्मचारी  र  १ जना कार्यालय सहयोगी सभंव भए सम्म स्थानीय लाई श्रावण पहिलो हप्ता सम्ममा नगरकार्यपालीका कार्यालयबाट खटाउने ।

घ. वडा कार्यालय भएको स्थानमा पानी,बिजुली र टेलिफोन लाइन जडान गर्ने । भाडामा लिएका भवन एंव कोठाको हकमा घरधनी सँग सँम्झौता गरिगर्ने ।

**२. वडा कार्यालय नभएका स्थानमा**

क. वडा कार्यालय कम्तीमा २ कोठा हुनुपर्ने । वडा भित्र कुनै पनि सामुदायिक वा विषयगत कार्यालयको भवन एंव कोठा खाली भएमा सोको प्रबन्ध गर्न आवश्यक समन्वय नगरकार्यपालीका कार्यालयले गर्ने ।

ख. सार्वजनिक एंव सामुदायिक भवन एंव कोठा खाली नभएमा अधिकतम रु.१०००० मा नबढ्ने गरि पाएक पर्ने स्थानमा घर एंव कोठाको खोजी गर्ने र सोको भाडा दर वडा समितीले तोक्ने र तोकिए  बमोजिम कोठा भाडा दरमा वडा कार्यालयले कोठा भाडा सम्झौता गरि सोको जानकारी नगरकार्यपालीका कार्यालयमा पठाउने । मुख्य शहरी क्षेत्रका वडाहरुमा उल्लेखित बजेट र कोठाको प्रयाप्तर्ता नहुने देखिएमा औचित्यता खोली न.पा मा पठाउने नगरकार्यपालीका प्रमुख,उपप्रमुख र का.अ.को संयुक्त निर्णय बमोजीम भाडा दर तोकि सम्झौता गर्ने ।

ग. वडा कार्यालयमा न्युनतम जनशत्ति र फर्निचर बुँदा न.१ को ख र ग बमोजिम गर्ने ।

३.सबै वडा कार्यालयमा कम्तीमा १ वडा दराज,घडि लगाएत अन्य स्टेशनरी सामानहरु औचित्यता हेरि कार्यालयले उपलब्ध गराउने ।

**निर्णय न ९**

यस नगरपालीकालाई नयाँ स्थानीय तह स्थापना र व्यवस्थापनका लागी नेपाल सरकारबाट प्राप्त रु १ करोड उपलब्ध गराउने प्रतिबद्धताका साथ हाल सम्म रु.५२ लाख कार्यालयलाई प्राप्त भैसकेकोमा सो बजेट  बाट  निम्नानुसार कार्य गर्न नगरकार्यपालीका कार्यालयले संघिय मामीला तथा स्थानीय विकास मन्त्रालयमा प्रस्ताव पठाएको मा सोको समर्थन गर्दै उल्लेखित कार्यहरु गर्न कार्यालयलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निम्न**

१. नगरकार्यपालीका कार्यालयमा रंगरोगन तथा फर्निचर व्यवस्थापन रु.२० लाख

२. १६ वटै वडा कार्यालयमा आवश्यकताको आधारमा फर्निचर खरिद रु.३० लाख

३. १० वटा वडाकार्यालयमा रंगरोगन रु.१५ लाख

४. सवारी साधन मर्मत रु.१५ लाख

५. चालु प्रशासनिक खर्च रु.२० लाख

**कुल जम्मा रु.१ करोड**

**निर्णय न १०**

वीरेन्द्रनगर नगरपालीले स्थानीय सरकारको रुपमा काम गर्न हाल प्रर्याप्त जनशत्ति नभएकाले नगर कार्यपालीका कार्यालय र वडा कार्यालयको सेवा प्रवाह गर्न कठिन भएको हुँदा तत्काल स्थानीय तहको संरचना अनुसारको जनशत्ति खटाई दिनहुन प्रमुख जिल्ला अधिकारी मार्फत नेपाल सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय न ११**

वीरेन्द्रनगर स्थानीय सरकारको रुपमा रहिरहँदा नगरपालीकाले गर्ने काम नै गर्ने सुर्खेत उपत्यका नगर विकास समिती लगाएत विभिन्न विषयगत कार्यालयहरु यस्तै प्रकृतिको काम गर्ने र नगर भित्रकै जग्गा जमिनको स्वामित्व समेत सुर्खेत उपत्यका नगर विकास समिती सँग रहिरहेको अवस्थामा वीरेन्द्रनगरले स्थानीय सरकारको रुपमा कार्य गर्न कठिनाइ हुने देखिएको हुँदा नगर भित्रको सम्पुर्ण साधन,स्रोतको अधिकार नगरपालीकामै रहने गरि यस्ता प्रकृतिका संघ संस्थाहरु खारेज गर्दै सोको अधिकार र सम्पति नगरपालीकामा हस्तान्तरण गराउन यस नगरको नगर सभाबाट निर्णय गरी नेपाल सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय न १२**

यस नगरपालीकालाई संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट यस कार्यालयलाई अधुरो भवन निर्माणका लागी रु.५० लाख प्राप्त भएकोमा उत्त घरको टेण्डर गर्दा घटेको रकमबाट यस नपा कार्यालय भवनको निम्न कार्य गर्ने निर्णय गरियो ।

१.भवनमा थ्रिफेज विद्युत लाइन

२.पुरानो घर र नयाँ घर बिच जोड्ने भर्याङ्ग

३.कार्यालय शौचालय निर्माण

**निर्णय न १३**

सुर्खेत उपत्यकामा भैरहेको अव्यवस्थित जग्गा खण्डिकरणलाई रोक लगाउन जग्गा पलटिङ्ग गर्ने व्यत्ति,फर्मले अनिर्वाय रुपमा नगरपालीकामा पलटिङ्ग नक्सा पेश गरि लगत कट्टा समेत गराई बाटोको निकास दिई स्विकृती गराई गर्ने व्यवस्था गर्ने र हालसम्म नगरपालीकाले भवन निर्माण सम्बन्धी मापदण्ड २०७२ बमोजीमको कम्तीमा ६ मिटरको बाटो बिना जग्गा खर्डिकरण गर्ने कार्य निरुत्साहित गर्ने सम्बन्धी  कार्यलाई कडाइका साथ निरन्तरता दिनका लागी व्यापक प्रचार पसार गर्ने साथै रत्न राजर्मार्ग सग जोडिएका सडक मापदण्ड भुतप्रभावी नहुने गरि लागु गर्ने निर्णय गरियो ।

**निर्णय न १४**

यस कार्यालयमा वरिष्ठ इन्जिनियर पदमा कार्यरत जनक ब शाहि ले मिती २०७४ आषाढ १ गते देखि लागु हुने गरि राजिनामा पेश गरेको सर्न्दभमा निज मिती २०५१ असोज १३ गतेदेखि अधिकृत स्तर छैंठौ(प्रा) इन्जिनियर पदमा अस्थायी नियुत्ति पाई मिती २०५२ पौष ११ देखि सोही पदमा स्थायी भई काम काज गर्नभएको साथै यस नपाको कर्मचारी प्रशासन सम्बन्धी विनियम २०६६ को ६.३(४) अनुसार नपा कार्यालयको स्विकृत दरबन्दीमा कार्यरत अस्थायी कर्मचारीको सेवा अवधि गणना हुने प्रावधान रहेकाले मिती २०५१ असोज १३ गतेदेखि २०७४ जेष्ठ ३१ सम्म २२ वर्ष

८ महिना १८ दिन सेवा अवधि रहने गरि निजले पेश गरेको राजिनामा स्विकृती गर्दै निजले हालसम्म दिनुभएको सेवाको निम्ती हार्दिक धन्यवाद दिने निर्णय गरियो ।

**निर्णय न १५**

अपागं सशक्तिकरण केन्द्र सुर्खेतको संयोजनमा वीरेन्दनगरमा हुन गइरहेको खेलकुद कार्यक्रम मा यस कार्यालयका तर्फबाट अन्य लक्षित शिर्षक बाट रु.३०००० सहकार्य गर्ने निणंय गरियो ।

**निर्णय न १६**

यस नगरपालीकाको कार्यपालीकाको मासिक नियमित बैठक हरेक महिनाको पहिलो शुक्रबार बस्ने निर्णय गरियो ।